

# यहाँ नयाँ जीवन शुरु गर्दा गाह्रो हुन सक्छ....

# ....विशेष गरि तपाईँ अङ्ग्रेजी बोल्नु हुँदैन भने

## इङ्ग्लिश ल्याङ्ग्वेज पार्टनर्स न्यु जिल्याण्ड

हामी न्यु जिल्याण्ड भरि आप्रवासी तथा शरणार्थीहरूसँग काम गर्छौं हामी मानिसहरूलाई अङ्ग्रेजी सिक्न तथा यहाँको जीवनबारे बढी जान्न मद्दत गर्छौं।

## हाम्रोमा कसले अङ्ग्रेजी सिक्न सक्छ?

न्यु जिल्याण्डमा बस्न आउने वयस्क व्यक्तिहरू जसलाई अङ्ग्रेजी भाषामा र समुदायमा बसोबास गर्न सहायता चाहिएको छ।

केही मानिसहरूले आफ्नै देशमा अङ्ग्रेजी सिकेका हुन्छन्, यहाँ काम पाउने र साथीहरू बनाउने उद्देश्यले यसमा अझ सुधार गर्न चाहन्छन्।

अरूहरूका लागि, अङ्ग्रेजीमा बोल्नु भनेको नयाँ अनुभव हुन सक्छ।

प्रशिक्षार्थीहरूले अझ राम्ररी अङ्ग्रेजी बोल्न सिकेर बढी आत्म विश्वास प्राप्त गर्न चाहन्छन्। उनीहरू आफैँ केही गर्न, आफ्नो उद्देश्य प्राप्त गर्न र समुदायको भाग बन्न चाहन्छन्।

*आप्रवासी तथा शरणार्थीहरूसँग काम गर्ने*

NEPALI





## हाम्रोमा कसले अङ्ग्रेजी पढाउन सक्छ?

हाम्रा धेरैजसो कक्षाहरू योग्य, तलवी अङ्ग्रेजी भाषा शिक्षकहरूद्वारा लिइन्छ।

तैपनि, हाम्रो प्रख्यात ‘ESOL घरेलु प्रशिक्षक’ सेवा भने हाम्रो स्वयंसेवक तालीम पाठ्यक्रम पूरा गर्ने हजारौँ स्वयंसेवकहरूद्वारा प्रदान गरिन्छ।

## हाम्रो सेवाहरू

- अङ्ग्रेजी भाषा समूह
- निःशुल्क, एक-एक-जनामा, ESOL घरेलु प्रशिक्षण
- कर्मचारीहरूका लागि अङ्ग्रेजी
- आप्रवासीहरूका लागि अङ्ग्रेजी (न्यु जिल्याण्ड पुग्नु भन्दा पहिला भाषा प्रशिक्षणको लागि पैसा तिरेका आप्रवासीहरूका लागि)

## केही केन्द्रहरूमा

केही केन्द्रहरूमा ESOL-साक्षरता कार्यक्रम, विशेष अभिरुचि कक्षाहरू र रोजगार मार्गदर्शन जस्ता अन्य स्थानीय कार्यक्रमहरू पनि प्रदान गरिन्छ। केन्द्रमा सवारी चालक अनुमतिपत्र प्राप्त गर्न, प्रारम्भिक बाल शिक्षामा पहुँच पाउन र कार्यस्थलको अङ्ग्रेजी बुझ्न आवश्यक पर्ने अङ्ग्रेजीमा पनि सहायता प्रदान गर्छ।

## झटपट केही तथ्यहरू

8000 अङ्ग्रेजी भाषा प्रशिक्षार्थीहरू

3000 स्वयंसेवक घरेलु प्रशिक्षक

280 तलवी कर्मचारीहरू

23 न्यु जिल्याण्डका केन्द्रहरू

## हामीलाई सम्पर्क गर्ने

नयाँ प्रशिक्षार्थी तथा स्वयंसेवकहरूलाई सदा स्वागत जनाइन्छ।

कृपया हाम्रो स्थानीय इङ्ग्लिश ल्याङ्ग्वेज पार्टनर्स केन्द्रमा कल गर्नुहोस् वा आउनुहोस्।

## हाम्रो केन्द्रहरू




ENGLISH LANGUAGE PARTNERS NEW ZEALAND
Working with Migrants and Refugees

English Language Partners New Zealand

PO Box 12 114, Wellington 6144

फोन (04) 471 2382

फ्याक्स (04) 471 2383

इमेल natoffice@englishlanguage.org.nz

www.englishlanguage.org.nz



